# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ४ असार ०६, २०८०


### भाग-२

# गुल्मीदरबार गाउँपालिकाको उपाध्यक्ष छात्रा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

स्वीकृत मितिः २०८०/०३/०६

प्रमाणिकरण मितिः २०८०/०३/०६

**प्रस्तावनाः** गुल्मीदरबार गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमध्ये आर्थिक रुपले विपन्न तथा जेहेन्दार छात्राहरुको सिकाई उपलब्धीलाई अझ बढी परिस्कृत र निरन्तरताका लागि प्रोत्साहन गर्ने अभिप्रायले गुल्मीदरबार गाउँपालिकामार्फत वार्षिक रुपमा विनियोजन हुने उपाध्यक्ष छात्रा प्रोत्साहन कार्यक्रम शिर्षकको बजेट वस्तुगत एवम् औचित्यताका आधारमा गुल्मीदरबार गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुका लागि शैक्षिक प्रोत्साहन गर्नका लागि वितरण गर्नका लागि गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

**१. सँक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम **गुल्मीदरबार गाउँपालिकाको उपाध्यक्ष छात्रा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०** रहेको छ ।यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. प्रोत्साहन रकमः** यस प्रोत्साहन कार्यक्रम अन्तर्गत गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा विनियोजन गरेको रकम बराबर हुनेछ।

**३. लक्षित समूहः** विगतका शैक्षिक सत्रमा उत्कृष्ट अँक प्राप्त गरेका गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने आर्थिक रुपले विपन्न तथा जेहेन्दार छात्राहरुलाई यो छात्रवृत्ति लक्षित गरिएको छ।

**४. प्रोत्साहन रकम वितरणका आधारहरुः** उपाध्यक्ष छात्रा प्रोत्साहन वितरणका आधारहरु देहाय बमोजिम हुनेछनः

क) आर्थिक रुपले विपन्न वर्ग वा बाबु आमा नभएका वा बाबुआमा दिर्घ रोगी भई आय आर्जन गर्न असमर्थ भएका परिवारका छात्राहरु

ख) गत शैक्षिक सत्रमा उच्च सिकाई उपलब्धी दर भएका मिहिनेती परिश्रमी र अनुशासित छात्राहरु

ग) नयाँ शैक्षिक सत्रमा अन्य विद्यालयबाट भर्ना हुन आएका, सिकाई उपलब्धी दर उच्च भएका वा शिक्षण सिकाई क्रियाकलापमा सक्रिय भएका र भविष्यमा सिकाई उपलब्धी उच्च हुन सक्ने सम्भावना बोकेका छात्राहरु

**५. वितरण गरिने प्रोत्साहन रकम र तहः** यस कार्यविधिमा उल्लेख गरिएको रकम कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत छात्राहरुका लागि समितिको निर्णयबमोजिम देहाय बमोजिमको प्रोत्साहन रकम प्रदान गरिने छ।

क) कक्षा ६-८ सम्मका विद्यार्थीका लागि रु ४०००/-

ख) कक्षा ९-१२ सम्मका विद्यार्थीका लागि रु ६०००/-

**६. छात्रवृत्ती प्राप्त गर्दा पेश गर्नु पर्ने कागजातहरुः**

क) सम्बन्धित विद्यार्थीको निवेदन

ख) निवेदक विद्यार्थी अध्ययनरत विद्यालयबाट छात्रवृत्ती प्राप्तिका लागि जेहेन्दार विद्यार्थी भएको सिफारिश पत्र वा सम्बन्धित स्थायी ठेगाना रहेको वडाबाट विपन्न भएको भन्ने सिफारिशपत्र ।

**७. छात्रा प्रोत्साहन कार्यक्रम व्यवस्थापन समितिः**

(क)गाउँपालिकामा यस प्रोत्साहन रकम वितरणका लागि देहाय बमोजिमको समिति रहनेछः

- गुल्मीदरबार गाउँपालिकाको उपाध्यक्षाः — सयोजक अध्यक्ष
- सामाजिक विकास शाखा प्रमुखः — सदस्य
- शिक्षा शाखा हेर्ने कर्मचारीः — सदस्य-सचिव

(ख) उपदफा (क) बमोजिम गठित समितिको निर्णय बमोजिम उल्लेखित प्रोत्साहन वापतको रकम सम्बन्धित निवेदक विद्यार्थीलाई प्रदान गरिनेछ । तर एक आर्थिक वर्षमा गाउँपालिकाबाट अन्य कुनै शिर्षकबाट छात्रवृत्ती प्राप्त गरेको हकमा निवेदकलाई उक्त आर्थिक वर्ष भरिमा यो शिर्षकबाट छात्रवृत्ती रकम प्रदान गरिने छैन ।

**८. विविधः** (क) यस कार्यविधि लागु हुनुभन्दा अगाडी भए गरेका काम कारवाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ।

(ख) यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा अड्काउ आइपरेमा सोको निराकरण गाउँकार्यपालिका मार्फत गरिनेछ।

आज्ञाले,
(राजिव पन्थी)
प्रमुख प्रशासकीय अधिकृत